## २०७६ साल चैत्र ३० गते आइतबार दिनको ३:०० बजे बसेको मन्त्रिपरिषद्को बैठकको निर्णयः

१. आन्तरिक मामिला तथा कानून मन्त्रालयको अख्तियारी दिने सम्वन्धी विषयको प्रस्तावलाई यस प्रदेश भित्रका सबै जिल्लाको आवश्यकता अनुसार कोरोना भाइरस रोग (कोभिड १९) को रोकथाम, नियन्त्रण र उपचारका लागि सामग्री खरिद गर्ने व्यवस्था मिलाउने गरी स्वीकृत गर्ने।

२. सामाजिक विकास मन्त्रालयको प्रयोगशाला, डेडिकेटेड अस्पतालमा खटिने चिकित्सक, स्वास्थ्यकर्मी, प्रयोगशालाकर्मी तथा अन्य कर्मचारीहरुलाई खाने बस्ने सुविधा उपलब्ध गराउने सम्वन्धी प्रस्तावमा उपचारका लागि प्रयोगशाला र डेडिकेटेड अस्पतालमा खटिई क्वारेन्टाइनको रुपमा होटलमा बास बस्नुपर्ने चिकित्सक, स्वास्थ्यकर्मी, प्रयोगशालाकर्मी तथा उपचार सम्वन्धी कार्यमा प्रत्यक्ष संलग्न अन्य कर्मचारीलाई सो कार्यमा खटिएको अवधिभर खाजाखाना र होटेलबासका लागि सम्वन्धित होटललाई एकमुष्ट रुपमा प्रतिव्यक्ति प्रतिदिन दुई हजार दुईसय पचास रुपैयासम्म उपलब्ध गराउने।

३. सामाजिक विकास मन्त्रालयको क्वारेन्टाइनमा बस्ने व्यक्तिलाई खाजा, खाना, चिया तथा नास्ता बापत सुविधा उपलब्ध गराउने सम्वन्धी प्रस्तावमा कृषि तालिम केन्द्र, मालेपाटन, पोखरास्थित क्वारेन्टाइनमा बसेका १६ जना व्यक्ति, सुरक्षाकर्मी, स्वास्थ्यकर्मी तथा अन्य सहयोगी कर्मचारीलाई निजहरु क्वारेन्टाइनमा रहेको अवधि मिति २०७६/१२/१४ देखि २०७६/१२/२५ सम्म प्रतिदिन प्रतिव्यक्ति खाजाखाना वापत पाँचसय दश रुपैयाका दरले उपलब्ध गराउने।

४. विश्वव्यापी रुपमा फैलिएको कोरोना भाइरस रोग (COVID- १९) को रोकथाम, नियन्त्रण तथा उपचारका लागि देहाय बमोजिम गर्नेः

क) पोखरा महानगरपालिका वडा नं. ३० शिशुवास्थित लेखनाथ सामुदायिक लायन्स अस्पताललाई प्रदेश सरकारको स्वामित्वमा ल्याउन सामाजिक विकास मन्त्रालयलाई जिम्मेवारी दिने।

ख) लेखनाथ सामुदायिक लायन्स अस्तालको भौतिक पूर्वाधार निर्माण तथा मर्मत सम्बन्धी कार्य भौतिक पूर्वाधार विकास मन्त्रालयले र मेडिकल उपकरण जडान तथा मर्मत सम्बन्धी कार्य सामाजिक विकास मन्त्रालयले गर्ने गरी जिम्मेवारी दिने।

ग) यस सम्बन्धी कार्यको लागि आवश्यक रकम कोरोना भाइरस नियन्त्रण तथा उपचार कोषबाट व्यहोर्ने।